# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## शुभकामना सन्देश

नेपाल विभिन्न जातजाति तथा भाषाभाषीयुक्त सम्प्रदाय भएको राष्ट्र हो । यो मध्ये आजबाट शेर्पा समुदायको नयाँ वर्ष (बाघ वर्ष) सुरु भएको छ । शेर्पा समुदायले आज नयाँ वर्षको स्वागतसहित २१५२ औं ग्याल्पो ल्होसार मनाउँदै छन् । यो अवसरमा देश तथा देश बाहिर रहनु भएका सम्पूर्ण नेपाली दाजुभाई एवं दिदीबहिनीहरुमा सुख, शान्ति र समृद्धिको लागि शुभकामना व्यक्त गर्दछु ।

भौगोलिक र प्राकृतिक रूपमा विविधतायुक्त हाम्रो देश नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषताले भरिपूर्ण छ । ग्याल्पो ल्होसारजस्ता पर्व नेपाली राष्ट्रिय संस्कृतिको अभिन्न अंग बनेका छन् । यसले आपसी भाइचारा, सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राख्न मद्दत पुर्‍याएको छ । यस्ता चाडपर्वका माध्यमबाट कायम हुने सामाजिक एकता तथा सद्भावलाई दिगो र दरिलो बनाउनु हामी सबैको दायित्व हो।

अन्त्यमा, ग्याल्पो ल्होसार पर्वले नयाँ उत्साह र उमङ्ग छर्दै आपसी एकता, सद्भाव र बन्धुत्वको भावना अभिवृद्धि हुन गई हाम्रो राष्ट्र थप सुदृढ बनाउन सघाउ पुगोस् भन्ने कामना गर्दै पुनः एक पटक सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८१ साल फागुन १६ गते, शुक्रबार**
**ने. सं. ११४५ चिल्लाथ्व: पारु**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**